फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल ।

फोन नं.: ०६७ –४३०१०३
०६७ –४३०१०२
०६७ –४३०१०४

प.सं. :- ०८०।०८१
च.नं. :-

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०२/२५

नेपाल सरकारद्वारा जारी गरिएको "चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" र "फलेवास नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" बमोजिम तपसिलमा उल्लेखित सेवाको लागि देहायको संख्या र योग्यता भएका स्वास्थ्यकर्मी करारमा राख्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र राजस्व तिरेको रसिद सहित उमेदवार स्वयम उपस्थित भई यसै नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम लगायतको विस्तृत विवरण यस कार्यालयबाट वा Website: www.phalewasmun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिलः १.

| विज्ञापन नं. | पद नाम | समूह | तह/श्रेणी | माग संख्या | फारम/परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०२/२०८०/८१ | अ.हे.ब | हे.ई | सहायक चौथो | २ | ५०० |
| ०३/२०८०/८१ | अ.न.मी | क.न | सहायक चौथो | ३ | ५०० |
| ०४/०८०/८१ | ल्या.अ | हे.ई | सहायक चौथो | २ | ५०० |

**१.१ पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, अनुभव तथा तालिमका प्रमाणपत्र, स्वास्थ्य सेवाको हकमा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रहरुका प्रतिलिपि पेश गर्ने सबै प्रतिलिपिहरु पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

**१.२ न्यूनतम शैक्षिक योग्यताः** अ.हे.ब को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.ब वा सि.एम.ए कोर्ष पूरा गरेको, अ.न.मी को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी कोर्ष पूरा गरेको र ल्याब असिस्टेन्ट पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट ल्याब असिस्टेन्ट कोर्ष पूरा गरेको ।

**१.३ उमेरः** १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको (महिला तथा अपांगको लागि ४५ वर्ष ननाघेको) ।

**१.४ प्रचलित कानूनद्वारा अयोग्य नभएको ।**

**१.५ तोकिएको अवधि भित्र तथा रित पूर्वक प्राप्त हुन नआएका आवेदनलाई मान्यता दिईने छैन ।**

**१.६ दरखास्त बुझाउने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन दरखास्त बुझाउन सकिने छ**

**२. सेवा सुविधाः नगर कार्यपालिकाको निर्णय अनुसार ।**

**३.परीक्षाको किसिमः** लिखित र अन्तर्वाता ।

**४. परीक्षा मितिः** परीक्षा मिति पछि प्रकाशित गरिनेछ ।

**५. सम्पर्क मितिः** २०८१/०३/०९

**६. सम्पर्क नम्वरः** ९८४७६३६०४०, ९८५७६२१६३३

२०८१/२/२५
नारायणप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत